केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/३४/०६६/६७ मिति : २०६६/१२/२४

**इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु,**

विषयः- नेपालमा स्थापित "क" वर्गका वाणिज्य बैंकहरूले विदेशमा शाखा कार्यालय स्थापना गर्ने सम्बन्धमा ।

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरूले निम्नानुसारका शर्त तथा मापदण्डहरूको अधिनमा रही विदेशमा शाखा कार्यालय स्थापना गर्ने सम्बन्धमा देहायको नीतिगत तथा प्रकृयागत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**शर्त तथा मापदण्डहरु**

(१) शाखा विस्तार गर्नका लागि प्रस्तावित स्थान वित्तीयरुपले सम्भाव्य रहेको स्थलगत अध्ययन प्रतिवेदन (Feasibility Study Report) प्रस्तावित व्यावसायको योजना, तुलनात्मक लागत-लाभ विश्लेषण (Comparative Cost-benefit Analysis), व्यावसायिक रणनीति तथा संचालन गर्ने कारोबारको किसिम, आन्तरिक नियन्त्रण, जोखिम व्यवस्थापन र Host Country संग नेपालको द्विपक्षीय सम्बन्धको विवरण यस बैंक समक्ष पेश गर्नुपर्ने छ ।

(२) "क" वर्गको बाणिज्य बैंकले विदेशमा शाखा खोल्न आवेदन पेश गर्दा न्यूनतम चुक्ता पुँजी रु. २ अर्ब पुगेको हुनुपर्नेछ ।

(३) जुन देशमा शाखा कार्यालय स्थापना गरिने हो, सो देश (Host Country) को नियामक निकायले तोकिएको पुँजी (Assigned Capital) पूरा गनुपर्नेछ र सो पुँजीको व्यवस्थापन गरिने स्रोत समेत खुलेको विवरण आवेदनको साथमा पेश गर्नुपर्नेछ ।

(४) जुन देशमा शाखा कार्यालय स्थापना गरिने हो, उक्त देशबाट लाभांस (Dividend)/मुनाफाको रुपमा विदेशी मुद्रामा नेपाल भित्र्याउन एवम् कथम्कदाचित विदेशस्थित शाखा कार्यालय बन्द गर्नुपर्ने अवस्था आएमा तोकिएको पूँजी (Assigned Capital) जुन विदेशी मुद्रामा लगिएको हो, सोही विदेशी मुद्रामा वा परिवर्त्य विदेशी मुद्रामा अनिवार्य रूपमा स्वदेशमा फिर्ता गर्नुपर्ने हुँदा सो समेतका विषयमा Host Country को ऐन तथा नीतिगत व्यवस्थाले नरोक्ने व्यहोरा प्रमाणित हुने कागजात समेत पेश गर्नुपर्नेछ ।

(५) यस बैकबाट इजाजपत्र प्रदान गर्दा तोकिएका शर्तहरु पूरा गर्नुका साथै विदेशमा शाखा खोल्नु अगाडिको त्रैमासिक वित्तीय विवरणमा यस बैंकले तोकेको पुँजीकोष पूरा गरेको हुनुपर्ने छ ।

(६) विदेशमा रहेको शाखा कार्यालयमा सूचना आदान प्रदान गर्नको लागि नेटवर्किङ्ग (Networking) गरी वा विद्युतीय माध्यमवाट केन्द्रीय कार्यालयको सूचना प्रणालीमा तत्काल आवद्ध हुन सक्ने व्यवस्था गरेको हुनुपर्ने छ ।

(७) गत त्रयमासमा निष्क्रिय कर्जा (Non Performing Loan) पाँच प्रतिशतभन्दा बढी नभएको हुनुपर्ने छ ।

(८) विदेशमा शाखा कार्यालय स्थापना/संचालन गर्ने सम्बन्धी निर्णय सम्बन्धित बैंकको सञ्चालक समितिबाट गर्नुपर्ने छ । सञ्चालक समितिले निर्णय गरेको मितिले १५ दिन भित्र सोको जानकारी यस बैंकलाई गराउनु पर्ने छ । यस बैंकलाई जानकारी गराएको एक सय बीस दिनभित्रमा स्वीकृति दिइने छ । विदेशमा शाखा कार्यालय स्थापनाको स्वीकृति प्राप्त गरेको मितिले ६ महिनाभित्रमा शाखा कार्यालय खोली कारोबार सञ्चालन गरिसक्नु पर्नेछ । उक्त तोकिएको अवधिभित्र शाखा कार्यालय संचालन गर्न नसके/नभएमा स्वीकृति स्वतः रद्ध हुनेछ र पुनः स्थापना गर्ने स्वीकृतिको लागि नयाँ प्रकृयाबाट निवेदन पेश गर्नुपर्ने छ ।

(९) यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र बैंक सुपरिवेक्षण विभागमा पेश गर्नुपर्ने प्रचलित व्यवस्था बमोजिम वित्तीय विवरणहरुमा विदेशमा संचालित शाखा कार्यालयको वित्तीय विवरण एकीकृत (Consolidate) तथा छुट्टै (Separately) समेत पेश गर्नुपर्ने छ ।

(१०) विदेशमा शाखा कार्यालय स्थापना गर्ने "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाले यस बैंकको पूर्व स्वीकृति विना उक्त शाखा कार्यालय बन्द गर्न वा स्थानान्तरण गर्न वा गाभ्न पाउने छैनन् ।

(११) विदेशमा शाखा कार्यालय स्थापना गर्ने "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाले विदेशी शाखा कार्यालयको ठेगाना परिवर्तन गर्न वा स्थानान्तरण गर्न चाहेमा यस बैकको पूर्व स्वीकृति लिनुपर्ने छ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : nrbbfirdppd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(१२) विदेशमा शाखा खोल्न चाहने बैंकले सम्बन्धित Host Country ले तोकेका मापदण्ड अनुरुप No Objection Letter प्राप्त भए पश्चात यस बैंकले तोकेको शर्त तथा नीतिगत व्यवस्थाहरुको पालना गरेपछि यस बैंकले No Objection Letter प्रदान गर्नेछ।

(१३) विदेशमा शाखा खोल्न चाहने बैंकले सम्बन्धित Host Country को नियामक संस्थाको निर्देशन र यस बैंकले तोके बमोजिमको पुँजीको विवरण र पुँजी पर्याप्तता सदैव पूरा गरेको हुनुपर्ने छ।

(१४) विदेशस्थित शाखाको प्रयोजनको लागि तोकिएको पुँजी (Assigned Capital) बाहेकको कुनै पनि रकम वा परिवर्त्य विदेशी मुद्रा विदेश लैजान पाइने छैन।

(१५) विदेशस्थित शाखाले गरेको व्यावसायिक काम कारवाहीको सम्पूर्ण दायित्व पूरा गर्न आवश्यक हुने रकम तथा अन्य कुनै पनि दायित्व राष्ट्र बैंकले माग गरेको बखत उपलब्ध गराउने छौं भनी नेपालमा रहेको मुख्य कम्पनी (Parent Company) को सञ्चालक समितिले गरेको लिखित प्रतिबद्धता यस बैंकमा पेश गर्नुपर्ने छ।

(१६) विदेशस्थित शाखाको सम्पूर्ण कारोवारहरुको नियमन र सुपरिवेक्षण गर्ने अधिकार नेपाल राष्ट्र बैंक र Host Country को नियामक र सुपरिवेक्षकमा अन्तर्निहित रहनेछ। प्रचलित व्यवस्था बमोजिम त्यस्ता शाखाहरुको आवधिक रुपमा गैर स्थलगत (Off-site) तथा स्थलगत (On-site) सुपरिवेक्षण कार्य नियमित रुपमा गरिनेछ। सो सुपरिवेक्षणको कार्यको लागि सम्बन्धित बैंकले संस्थागत ढंगले नै सुपरिवेक्षकलाई सहयोग गर्नुपर्नेछ।

(१७) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, परिपत्र, मार्गदर्शन इत्यादि ( अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक) विदेशस्थित शाखाको हकमा समेत लागू हुनेछ। त्यस्ता शाखाहरुको लागि कुनै विशेष व्यवस्था गर्नु परेमा वा निकाशा दिनु परेमा नेपाल राष्ट्र बैंकले आवश्यकतानुसार गर्नसक्ने छ। नीतिगत निर्देशन तथा कानुनको पालना नगरेमा प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलन अनुसार कारवाही र दण्ड जरिवाना गरिने छ।

(१८) विदेशमा शाखा कार्यालय स्थापना गर्ने "क" वर्गको इजाजतपत्रप्राप्त संस्थाले यस प्रयोजनको लागि आवेदन दिंदा तोकिएको ढाँचामा फाराम भरी दर्ता शुल्क बापत रु. दुई लाख (फिर्ता नहुने) को ने.रा.बैं. ना.नो.आ.हिसाबमा जम्मा गरेको भौचरको अर्धकट्टी समेत पेश गरी आवेदन दिनुपर्ने छ।

(१९) विदेशमा शाखा कार्यालय संचालन गर्दा अपनाइने बैंकिंग कार्यविधि, कर्जा निर्देशिका लगायतका कागजात यथासमय यस बैंकमा पेश गर्नुपर्नेछ। Host Country को नियामक वा सुपरिवेक्षकले लगाएको दण्ड, जरीवाना तथा सुशासन सम्बन्धी कारवाहीको जानकारी १५ दिनभित्र यस बैंकको नियमन विभाग र सुपरिवेक्षण विभागमा पेश गर्नुपर्ने छ।

(२०) विदेशमा शाखा कार्यालय संचालन गर्दा सम्पत्ति शुद्धिकरण निवारण ऐनको परिपालना पूर्ण रुपले गर्नु/गराउनु पर्नेछ।

भवदीय,

(लक्ष्मीप्रपन्न निरौला)
निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
७. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
८. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं।
९. श्री नेपाल वित्त कम्पनी संघ, वागदरवार, विजनेस कम्प्लेक्स, काठमाण्डौं।
१०. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं।